कटहरियानगरपालिका

# स्थानीय राजपत्र

कटहरिया नगरपालिकाद्वारा प्रकाशित

खण्डः ४, संख्या : १, मितिः २०७८/०९/१२

## भाग-१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम कटहरियानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।

**वि.सं. २०७८ सालको ऐन नं. १**

# कटहरिया नगरपालिकाको विनियोजन ऐन, २०७८

**कटहरिया नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रमाणिकरण मिति : २०७८।०९।१२**

**<u>प्रस्तावनाः</u>** कटहरिया नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कटहरिया नगरपालिकाको नगर सभाबाट यो विनियोजन ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम **"कटहरिया नगरपालिकाको विनियोजन ऐन, २०७८"** रहेको छ ।

कटहरिया नगर कार्यपालिकाको कार्यालय

(२) यो ऐन २०७८ तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "नगर सभा" भन्नाले कटहरिया नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले कटहरिया नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले कटहरिया नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(घ) "विषयगत शाखा" भन्नाले कटहरिया नगरपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले कटहरिया नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त कटहरिया नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. <u>५०,०४,४०,१४१.४६</u> (अक्षेरुपी पचास करोड चार लाख चार हजार एक सय एकचालिस रुपैया छयालिस पैसा मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७८।०७९ को लागि कटहरिया नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी पूँजिगत शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

कटहरिया नगरपालिकाको नगर कार्यालय

# अनुसूचि-१

(दफा ३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु. | पूँजिगतखर्च रु. | वित्तियव्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगर कार्यपालिका | ८,२७,६४,०००। | ११,७९,७२,०००। | | २०,०७,३६,०००। |
| २ | | वडा समिति | | २,७६,६९,०००। | | २,७६,६९,०००। |
| ३ | | बिषयगत शाखा तथा शसर्त | | | | २४,८०,१७,६७४.२१। |
| ४ | | ऋणको सावा व्याज भुक्तानी ( संघीय र प्रदेश सरकारको फ्रीज रकम फिर्ता गर्नुपर्ने ) | | | | २,४०,१७,४६७.२५। |
| ५ | | लगानी( शेयर/ऋण) | | | | |
| जम्मा | | | | | | रु. ५०,०४,४०,१४१.४६ |

आज्ञाले,

रामप्रकाश साह

प्रमुखप्रशासकीयअधिकृत

कटहरिया नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय